बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय हाँतिमुडा, मोरङ
१ नं प्रदेश, नेपाल

**आ. व. २०७६।२०७७ को लागी बालुवा र माटो (भरौट र बलौट ) प्राकतिक श्रोत संकलन तथा बिक्री शुल्क संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।**

**सूचना प्रकाशित मिति २०७६।०७।०१**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६ ) बमोजिम बूढीगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय हातिमुडा मोरगंले चुरे तथा बनक्षेत्र बाहेक बालुवा र माटो भरौट र बलौट को कर संकलन तथा बिक्री शुल्क संकलनको लागी प्रदेश न. १ प्रदेश सरकार बाट स्वीकृत दररेटमा तपसिल बमोजीमको खोलाहरु बाट तोकिएको परिणाममा कर संकलन तथा बिक्री कर सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरि बिक्रीकर, संकलन गर्नका लागि यस गाउँपालिकाबाट जारी गरेको बोलपत्र फारम प्रति गोटा रु.३०००।- अक्षरेपी तीन हजार (फिर्ता नहुनेगरी ) तिरी खरिद गरी तोकिएको म्याद भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| ठेक्का न. | बिक्रीकर संकलन गर्ने खोलाको नाम | उठाउन पाउने क्षेत्र | उठाउन पाउने परिणाम (घ.मी.) | न्यूनतम ठेक्का अंक रु.( भ्याट बाहेक) | प्रति क्यु फिट रु. | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| २/०७६/७७ | बुढीखोला र सिंगीया खोला | **बुढीखोला र सिंगीया खोला नाका बाटः बालुवा** सखुवाटोकीघाट, ३०६० घ.मी.,भवानीपुरघाट १ बाट १०९२० घ.मी.मुडेरीघाट ५२७३।४० घ.मी. मुक्तिघाट १३५० घ.मी., त्रिबेनीघाट २७०० घ.मी.र अमाहीघाट २७००<br>**बुढीखोला र सिंगीया खोला नाका बाटः माटो (भरौट र बलौट)**<br>मुक्तिघाट ३७८० घ.मी.,सखुवाटोकीघाट २१६० घ.मी ,भवानीपुरघाट १ बाट ६८८२ घ.मीं,बौराहाघाट ७५६९ घ.मीं र अमाहीघाट २२५० घ.मी. | २६००३।४० घ.मी. बालुवा<br><br>२२६४१।०० घ.मी.माटो (भरौट र बलौट) | ७३,५३,०००।०० | बालुवा प्रति क्यु फिट रु. ४।७५<br><br>माटो (भरौट र बलौट) प्रति क्यु फिट रु.३।७५ | ३,०००।०० |

**शर्तहरुः-**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाता फर्म कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्र , आ.व. ०७६।०७७ सम्मको फर्म नविकरण, आ.व. ०७५।०७६ को करचुक्ता गरेको प्रमाणपत्र वा ०७५।०७६ को आय बिबरण पेश गरेको प्रमाणपत्र तथा व्यक्तिले नेपाली नागरिकताको प्रतिलिपी र मु.अ.कर दर्ता प्रमाणपत्र पेश गरी सूचना प्रकाशित भएको मितिले २१ औ दिन कार्यालय समय भित्र यसै कार्यालय बाट खरिद गरी २२ औ दिन दिनको १२.०० वजे सम्ममा शिलवन्दी बोलपत्रहरु प्रमुख प्रशासकिय अधिकृत ज्युको कार्यकक्षमा दर्ता गरी सक्नुपर्नेछ । तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १.०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा.का प्रतिनिधिहरुको रोहबरमा श्रीमान् अध्यक्ष ज्युको कार्यकक्षमा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने र ,दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।

२. बोलपत्र फारम साथ कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.आई.सी एसिया बैंक लि. मा रहेको धरौटी खाता नं. ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त बाणिज्य बैक तथा बितिय संस्था वाट बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नु पर्ने छ ।

३. प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर तथा शुल्कहरु ठेकेदार स्वयंले तिर्नुपर्ने छ । स्वीकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुने छ । अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ ।

४. बालुवा र माटो (भरौट र बलौट )को प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्कको दररेट बोलपत्र फारममा संलग्न गरिए बमोजीम हुनेछ ।

५. आ.व. ०७६।०७७ को लागि कर संकलन तथा बिक्री कर मिति २०७६ साल मंसीर ०१ गते देखि मिति २०७७ साल जेष्ठ मसान्त सम्म हुनेछ ।

६. वोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन ।

७. कबोल अंकको रकम तीन किस्तामा बुझाउनु पर्नेछ । किस्तामा रकम बुझाउदा प्रथम किस्ता बापत ४० प्रतिशत,दोश्रो किस्ता बापत ३० प्रतिशत र तेश्रो किस्ता वापत ३० प्रतिशत रकम नगद ,चेक वा बैक जम्मा द्वारा बुझाउन सकिने छ । सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा कबोल अंकको १०% छुट दिईनेछ र किस्तामा रकम बुझाउदा छुट दिईनेछैन । वैक जम्मा गर्दा एन.आइ.सी.एसिया बैंक लि.पुप्पलाल चौक शाखा कार्यालयमा रहेको यस गाउँपालिकाको संचित कोष खाता नं.६९CA५०११७५५२४००१ मा जम्मा गर्नुपर्नेछ । किस्तामा बुझाउने बोलपत्रदाताले नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक तथा बितिय संस्था बाट मिति २०७७ असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गर्नु पर्ने छ ।

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner

८.बोलपत्रदाताबाट बोलपत्रमा कबोलअंक अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्नेछ ।

९.यस गाउँपालिकाको सक्कल छाप र प्रमुख प्रशासकीय अधिकृतको दस्तखत नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

१०. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११.प्रदेश सरकारले निर्धारण गरेको दररेट भन्दा बढी असुल उपर गरेमा नियमानुसार कारबाही भई ठेक्का रद्द समेत गर्न सकिनेछ ।

१२.ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र संझौतामा उल्लेखित शर्त बमोजीम हुनेछ ।

१३. गाउंपालिका तथा ठेकेदार बीच कुनै किसिमको मत भिन्नता भएमा गाउंपालिकाको निर्णय लाई अन्तिम निर्णय मानिनेछ ।

१४.नदी वा खोला उत्खनन तथा संकलन गर्न हेभी ईकुमेन्ट प्रयोग गर्न पाईनेछैन ।

१५.बालुवा र माटो (भरौट र बलौट ) को प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्क असुल गर्दा प्राकृतिक घारा,किनाराघाट,कुलेसा,लोकमार्ग तथा सार्बजनिक स्थल लाई क्षति नपुग्ने गरी पुलको ५ सय मीटर उत्तर, दक्षिण, पुर्व र पश्चिम छाडेर मात्र बालुवा र माटो (भरौट र बलौट ) उठाउन पाईनेछ ।

१६. नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्ने सडकहरुमा सामान्य खाल्डाखुल्डी भएमा ठेकेदारले मर्मत गर्नुपर्नेछ र कच्ची सडकको घुलो नियन्त्रणको लागी समय समयमा पानी छिट्ने कार्य ठेकेदारले नै गर्नुपर्नेछ र सो बापतको खर्च दाबी गर्न पाईनेछैन ।

१७. यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै शर्त सहितको बोलपत्र स्वीकृत हुनेछैन ।

१८. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हात्तिमुडा मोरङ्गमा आई बुझ्न सकिनेछ । अथवा गा.पा.को website www.budhigangamunmorang.gov.np मा हेर्न सकिने छ ।

१९.ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनेछ ।

२०.ठेक्का सम्बन्धि रसिद हरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगराई उठाईएको पाईएमा नियमानुसार कारबाही गरिनेछ ।

२१.यस सुचनामा उल्लेख नभएका कुरा हरु स्थानीय सरकार संचालन ऐन २०७४,सार्बजनिक खरिद ऐन २०६३ (संशोधन सहित ), सार्बजनिक खरिद नियमावली २०६४ (संशोधन सहित ) र प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner